# राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई परिचय पत्र प्रदान गर्ने निर्देशिका, २०६९

**प्रस्तावना :**

राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिहरुको सम्मान तथा निजको सबैभन्दा नजिकका हकदारको पहिचान गर्दै निजका परिवारहरुलाई नेपाल सरकारबाट उपलव्ध गराइने विभिन्न सेवा, सुविधा प्रदान गर्न सहज होस भन्ने उद्देश्यले नेपाल सरकारबाट यो निर्देशिका जारी गरिएको छ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## १. <u>नाम र प्रारम्भः</u>

(१) यस निर्देशिकाको नाम "राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई परिचय पत्र प्रदान गर्ने निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"राजनीतिक द्वन्द्व"** भन्नाले सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन वा अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनलाई सम्झनु पर्छ ।

(ख) **"सशस्त्र द्वन्द्व"** भन्नाले सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ ।

(ग) **"परिचय पत्र"** भन्नाले यस निर्देशिका बमोजिम सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन वा अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई उपलब्ध गराइने परिचय पत्रलाई सम्झनु पर्छ ।

(घ) **"कार्यदल"** भन्नाले नेपाल सरकार (म.प.) को मिति २०६४।२।२७ को निर्णयानुसार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित "द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल" सम्झनु पर्छ र सो शब्दले यस कार्यलाई निरन्तरता दिदै थप कार्यक्षेत्र सहित समय समयमा

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

पुनर्गठित “द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल,” समेतलाई सम्झनु पर्छ।

(ङ) **“आर्थिक सहयोग तथा राहत”** भन्नाले सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनमा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई **“नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ (संशोधन सहित)”** अनुरुप प्राप्त रकमलाई जनाउनेछ।

३. **परिचय पत्र प्रदान गरिनेः** राजनीतिक द्वन्द्वका क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका सबैभन्दा नजिकका हकदारलाई नेपाल सरकारले सम्बधित जिल्ला

प्रशासन कार्यालय मार्फत अनुसूची-१ मा तोकिएको ढाँचा बमोजिम परिचय पत्र प्रदान गर्ने छ ।

## ४. परिचय पत्र प्रदान गर्ने आधारः

(१) दफा ३ बमोजिम परिचय पत्र प्रदान गर्ने आधार देहाय बमोजिम हुनेछ ।

(क) **नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६** बमोजिम आर्थिक सहायता वा राहत प्राप्त गरेको,

(ख) मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५ बमोजिम आर्थिक सहायता वा राहत प्राप्त गरेको,

(ग) बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५ बमोजिम आर्थिक सहायता वा राहत प्राप्त गरेको,

(घ) मधेश/तराई आन्दोलनको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका हकदारले नेपाल सरकार गृह

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

मन्त्रालय मार्फत उपलब्ध गराएको आर्थिक सहयोग प्राप्त गरेको,

(२) राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका सुरक्षाकर्मी, निजामति कर्मचारी तथा शिक्षकको अभिलेख सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा नभएमा उक्त कार्यालयले सेवा समूहसंग सम्बन्धित मन्त्रालय, विभाग वा निकायबाट अभिलेख प्राप्त गरी यस निर्देशिका बमोजिम परिचय पत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) परिचय पत्र प्रदान गर्ने प्रयोजनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय उपदफा (२) बमोजिम मुत्यु भएका वा वेपत्ता पारिएका व्यक्तिहरुको विवरण माग गरेमा त्यस्तो विवरण सेवा समूहसंग सम्बन्धित मन्त्रालय वा विभागले उपलब्ध गराउनु पर्नेछ ।

## ५. परिचय पत्र प्राप्त गर्न निवेदन दिनुपर्नेः

(१) यस निर्देशिका बमोजिम परिचय पत्र प्राप्त गर्न चाहने राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता

पारिएका व्यक्तिका सबैभन्दा नजिकको हकदारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा स्वयं उपस्थित भई अनसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले दफा ४ मा उल्लेख भए बमोजिम आर्थिक सहयोग वा राहत प्राप्त गरे नगरेको यकिन गरी आर्थिक सहयोग तथा राहत प्राप्त गरेको व्यक्तिलाई मात्र यस निर्देशिका बमोजिम परिचय पत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका एक भन्दा बढि नजिकका हकदारले दफा ४ मा उल्लेख भए बमोजिम आर्थिक सहयोग वा राहत दामासाहीले प्राप्त गरेको अवस्थामा जति जना नजिकका हकदारले त्यस्तो आर्थिक सहयोग वा राहत प्राप्त गरेका छन् ति सबै व्यक्तिहरुलाई छुट्टाछुट्टै परिचय पत्र उपलब्ध गराउनु पर्नेछ ।

(४) दफा (३) बमोजिम उपलब्ध गराईएको परिचय पत्रको अभिलेख जिल्ला प्रशासन कार्यालयले अनुसूची-३ बमोजिमको ढाचामा राख्नुपर्नेछ ।

६. **विवरण भर्ने विधिः** यस निर्देशिका बमोजिम वितरण गरिने परिचय पत्र भर्ने विधि निर्देशिकाको अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **वाधा अड्चन फुकाउने अधिकारः**

(१) यस निर्देशिकाको  कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा वा द्विविधा भएमा त्यस्तो बाधा अड्चन र द्विविधा फुकाउने अधिकार केन्द्रिय स्तरमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई हुनेछ ।

(२) यो निर्देशिका कार्यान्वयन गर्दा स्थानीय स्तरमा कुनै समस्या परेमा सो समाधान गर्न स्थानीय स्तरमा सम्वन्धित जिल्लाको प्रमुख जिल्ला

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| स्थानीय शान्ति समितिको संयोजक | - सदस्य |
| स्थानीय विकास अधिकारी | - सदस्य |
| जिल्ला प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| जिल्ला शिक्षा अधिकारी | - सदस्य |
| स्थानीय शान्ति समितिले तोकेको महिला सदस्य एकजना | - सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी | - सदस्य सचिब |

८. **निर्देशिका संशोधन गर्ने अधिकारः** यस निर्देशिकालाई समयानुकुल संशोधन गर्ने अधिकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई हुनेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची-१
(राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिकाको दफा ३ संग सम्बन्धित)

नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

(राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवार)

परिचय-पत्र

परिचय पत्र नं .............

१. मृत्युवरण गरेका/वेपत्ता पारिएका व्यक्तिको

(क) नाम थर :.................................................

२. राजनीतिक द्वन्द्वको विवरण :.....................................

३. घटना मिति : .................................................

(अग्रभाग)



This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

४. परिचय पत्र वाहकको :

(क) नाम थर: ....................................

(ख) ठेगाना:

अञ्चल: .................. जिल्ला: ................

नगरपालिका/गा.वि.स.: ................... वडा नं.: ..........

(ग) नाता सम्बन्ध: ................................................

(घ) नागरिकता नं: ....................

परिचय पत्र वाहकको फोटो

५. परिचय पत्र प्राप्त गर्नेको हस्ताक्षर : .............................

कार्यालयको छाप

परिचय पत्र प्रदान गर्ने,

हस्ताक्षर: ......................

मिति :.........................

नाम थर: ....................

दर्जा: प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, .......

- यो परिचय पत्र कसैले पाएमा नजिकको जिल्ला प्रशासन

(पृष्ठभाग)

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची– २

(निर्देशिकाको दफा ५ को उपदफा (२) संग सम्बन्धित)

निवेदनको ढाँचा

मिति :.....................

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय ......................... ।

विषय: परिचय पत्र उपलब्ध गराई पाउँ ।

महोदय,

नेपल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्रदान गरिने परिचय पत्र प्राप्त गर्न मेरो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुईप्रति फोटो संलग्न गरी निम्न विवरण भरी निवेदन गर्दछु ।

१. मृत्युवरण गरेका/वेपत्ता पारिएका व्यक्तिको

नाम थर ..................................................

This document was created using Smart PDF Creator To remove this message purchase the product at www.SmartPDFCreator.com

२. राजनीतिक द्वन्द्वको विवरण (सम्बन्धित आन्दोलनमा मात्र चिन्ह (√) लगाउने)

(क) सशस्त्र द्वन्द्व,

(ख) ऐतिहासिक जनआन्दोलन,

(ग) मधेश/तराई आन्दोलन,

(घ) जनजाति आन्दोलन,

(ङ) थरुहट आन्दोलन

(च) दलित तथा पिछडावर्ग आन्दोलन

(छ) अन्य

३. घटना मिति : ..............................

४. निवेदकको नाम थरः ...................................... (माथि प्रकरण नं १ मा उल्लिखित मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिको सबैभन्दा नजिकको हकदारको हैसियतले आर्थिक सहयोग वा राहत प्राप्त गरिसकेको व्यक्ति)

५. ठेगाना : अंचल ........................................

जिल्ला ........................................

नगरपालिका/गा.वि.स. ..................

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

वडा नं............

६. नाता सम्बन्ध : ................. (मृत्युवरण गरेका/वेपत्ता पारिएका व्यक्तिका व्यक्तिसंगको नाता सम्बन्ध उल्लेख गर्ने)

७. नागरिकता नं.: (निवेदकको) ................................

८. माथि लेखिएको व्यहोरा ठीक छ, झुठा ठहरे कानुन बमोजिम सजाय भोग्न तयार छु ।

निवेदकको हस्ताक्षर ............................

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची-३

(निर्देशिकाको दफा ५ को उपदफा (४) संग सम्बन्धित)

## परिचय पत्र वितरण गरेको अभिलेख

| सि नं. | मृत्युवरण /वेपत्ता | मृत्युवरण/वेपत्ता पारिएका व्यक्तिको नाम थर | राजनीतिक द्वन्द्वको नाम | घटना मिति | परिचय पत्र वाहकको नाम, थर | ठेगाना | नाता सम्बन्ध | परिचय पत्र वाहकको ना.प्र. नं. | परिचय पत्र वाहकको फोटो | परिचय पत्र वितरण गरेको मिति | परिचय पत्र प्रदान गर्ने अधिकारीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## अनुसूची ४

## (निर्देशिकाको दफा ७ संग सम्बन्धित)

## परिचय पत्र भर्ने विधि

यस निर्देशिका बमोजिम वितरण गरिने परिचय पत्र भर्ने विधि देहाय बमोजिम हुनेछ ।

१. परिचय पत्र नं ............. यस महलमा वितरण गरिने परिचय पत्रको सिलसिलेवार नं १ देखि क्रमश: अगाडिका संख्याहरु लेख्दै जानुपर्नेछ ।

२. मृत्युवरण गरेका/वेपत्ता पारिएका व्यक्तिको नाम थरको महलमा मृत्युवरण गरेको वा वेपत्ता पारिएको मध्ये कुनै एकमा चिन्ह (√) लगाई मृत्युवरण वा वेपत्ता पारिएको व्यक्तिको नाम थर लेख्ने ।

३. राजनीतिक द्वन्द्वको विवरण महलमा सशस्त्र द्वन्द्व/ऐतिहासिक जनआन्दोलन/मधेश/तराई आन्दोलन/जनजाति आन्दोलन/थरुहट आन्दोलन/दलित तथा पिछडावर्ग आन्दोलन र अन्य आन्दोलन मध्ये कुन आन्दोलनसंग सम्बन्धित हो सो आन्दोलनको नाम लेख्ने ।



This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

जस्तैः कुनै व्यक्ति सशस्त्र आन्दोलनसंग सम्बन्धित भए सशस्त्र आन्दोलनको नाम मात्र लेख्ने ।

४. घटना मितिको महलमा संभव भएसम्म घटना घटेको साल महिना र गते उल्लेख गर्ने । महिना र गते उल्लेख गर्न नसकिने भएमा साल मात्र उल्लेख गर्ने । जस्तैः २०५८ साल ।

५. परिचय पत्र वाहकको महलमा निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित नाम, थर र ठेगाना उल्लेख गर्ने ।

६. नाता सम्बन्ध महलमा मृत्युवरण गरेका/वेपत्ता पारिएका व्यक्ति र परिचय पत्र पाउँ भनी निवेदन दिएका व्यक्ति विच के नाता सम्बन्ध पर्छ सो उल्लेख गर्ने । जस्तै राम प्रसाद भन्ने व्यक्तिको मृत्यु भएको रहेछ र निजको श्रीमतिले परिचय पत्र पाउनको लागि निवेदन दिएको अवस्थामा निजको नाता पति/पत्नी उल्लेख गर्ने ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

७. नागरिकता नंबरको महलमा परिचय पत्र प्रदान गरिने व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रमा उल्लिखित नागरिकता नं उल्लेख गर्ने ।
८. फोटो प्रमाणित गर्दा फोटो र कार्डमा पर्ने गरी हस्ताक्षर गर्नु पर्नेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com